पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

# सार्वजनिक भवन/जग्गाहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

## प्रस्तावना

पुतलीबजार नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक भवन/जग्गाहरु सिटीहल, कभर्डहल, सटरहरु तथा सपिङ कम्प्लेक्स लगायतका सार्वजनिक भवन/जग्गाहरुको सञ्चालन, संरक्षण तथा व्यवस्थापन गरी नगरपालिकाको आन्तरिक आम्दानीमा बढावा दिन तथा त्यसको दिगो उपयोगलाई सुनिश्चित गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पुतलीबजार नगर सभाले सार्वजनिक भवन/जग्गाहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद १
## नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस कार्यविधिको नाम **"सार्वजनिक भवन/जग्गाहरु तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ।

(२) सार्वजनिक भवन/जग्गाहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ नगर सभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

**क. सार्वजनिक भवन/जग्गाहरु भन्नालेः-** पुतलीबजार नगरपालिकाको स्वामित्वमा रहेका वा यस नगरपालिकालाई हक हस्तान्तरण भई आएका सिटीहल, कभर्डहल तथा सपिङ कम्प्लेक्स, सटर लगायतका निर्मित संरचना र जग्गाहरुलाई समेत सम्झनु पर्दछ ।

**ख. नगरपालिका भन्नालेः-** पुतलीबजार नगरपालिकालाई सम्झनु पर्दछ ।

**ग. नगरकार्यपालिका भन्नालेः-** पुतलीबजार नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

**घ. नगर सभा भन्नालेः-** पुतलीबजार नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

**ङ. नगर प्रमुख भन्नालेः-** पुतलीबजार नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**च. नगर उप-प्रमुख भन्नालेः-** पुतलीबजार नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

छ. **वडा अध्यक्ष भन्नाले**:- पुतलीबजार नगरपालिकाका वडा नंम्बर १ देखि १४ सम्मका वडा अध्यक्षहरुलाई सम्झनु पर्दछ ।

ज. **वडा सचिव भन्नाले**:- पुतलीबजार नगरपालिकाका वडा नंम्बर १ देखि १४ सम्मका वडा कार्यालयहरुमा कार्यरत वडा सचिवलाई सम्झनु पर्दछ ।

झ. **प्रमुख प्रशासकीय अधिकृत भन्नाले**:- पुतलीबजार नगरपालिकामा कार्यरत नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ञ. **समिति भन्नाले**:- यस कार्यविधिको दफा २ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## सार्वजनिक भवन/जग्गाहरुको सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**२ समितिको गठनः**- (१) पुतलीबजार नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक भवन/जग्गाहरु, सिटीहल, कभर्डहल, सटर तथा सपिङ कम्प्लेक्स लगायतका सार्वजनिक भवन/जग्गाहरुको सञ्चालन, संरक्षण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा संञ्चालन गर्नका लागि देहाय बमोजिमको एक समिति हुनेछ :

| | |
|---|---|
| नगर प्रमुख | अध्यक्ष |
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| पूर्वाधार शाखा प्रमुख | सदस्य |
| पूर्वाधार विकास समितिको अध्यक्ष | सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| जिन्सी व्यवस्थापन शाखाको प्रमुख | सदस्य |
| राजश्व शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले सार्वजनिक भवन/जग्गाहरुसँग सम्बन्धित विज्ञ वा सो सँग सम्बन्धित जिम्मेवार पदाधिकारीलाई बैठकमा आमन्त्रण गरी आवश्यक राय सल्लाह सुझाव लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले बैठक सम्वन्धित कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७४

(४) उपदफा (१) बमोजिम गठन भएको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक भवन/जग्गाहरुको उपयोग, रेखदेख तथा नियमित मर्मत सम्भारको व्यवस्था मिलाउने,

ख) सार्वजनिक भवन/जग्गाहरुको प्रयोग र संरक्षणका लागि आवश्यक योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

ग) सार्वजनिक भवन/जग्गाहरुको महत्व आवश्यकता र त्यसको संरक्षणको विषयमा आवश्यकता अनुसार सरोकारवाला निकाय वा व्यक्तिहरुलाई जानकारी तथा प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने,

घ) सार्वजनिक तथा सामुदायिक भवनहरुको बहुउदेश्य प्रयोग मार्फत नगरपालिकाको आन्तरिक आम्दानीलाई बढावा दिने खालका योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

ङ) सार्वजनिक भवन/जग्गाहरुको दिगो उपयोग र व्यवस्थापनसँग सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने ।

## परिच्छेद ३

## सार्वजनिक भवन/जग्गाहरुको प्रयोग र सेवा शुल्क सम्बन्धी व्यवस्था

३. **सार्वजनिक भवनको प्रयोगः-** (१) नगरपालिकाको स्वामित्वमा रहेका सिटीहल, कभर्डहल लगायतका सार्वजनिक भवन/जग्गाहरुको प्रयोग गर्न कुनै पनि संघ संस्था वा व्यक्तिलाई भाडामा दिइनेछ ।

(२) उपदफा (१) वमोजिम भाडामा दिँदा सार्वजनिक सूचना मार्फत बढावढ गरी भाडामा दिने व्यवस्था मिलाइने छ ।

४. **सेवा शुल्क सम्बन्धी व्यवस्थाः-** (१) नगरपालिकाको स्वामित्वमा रहेका अनुसूची १ बमोजिमको सार्वजनिक भवन/जग्गाहरु भाडामा लगाउँदा नगर सभाले तोकेको भाडामा बढाबढ गरी सबै भन्दा बढी रकम कबुल गर्ने व्यक्ति वा संस्थासँग सम्झौता गरी भाडामा लगाइनेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सूचना मार्फत दरखास्त नआएमा नियमानुसार सोझै वार्ताबाट भाडामा दिने व्यवस्था मिलाइने छ ।

(३) उपदफा (१) बमोजिम भाडामा दिँदा सम्बन्धित व्यक्ति वा संघ/संस्थासँग सम्झौता गर्दा एक पटकमा २ बर्षमा नबढ्ने गरी सम्झौता गर्नु पर्नेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

(४) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भएता पनि आम नागरिकको जीवन रक्षासँग सम्बन्धित कार्य र आपतकालिन अवस्थाको व्यवस्थापन गर्ने कार्यमा प्रयोग गर्दा व्यवस्थापन समितिको निर्णयानुसार निशुल्क उपलब्ध गर्न सकिनेछ ।

## परिच्छेद ४
## विविध

**५. बाधा अडकाउ फुकाउने :-** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा विरोध आएमा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

(२) यो कार्यविधि लागू हुनु भन्दा अगाडि भएका सम्पूर्ण काम कारवाहीहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

**६. प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा लेखिएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**७ खारेजी र बचाउः**

(१) यस अघि प्रचलित कानून बमोजिम भाडामा दिएका भवन/जग्गाहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

तुलसी राम रेग्मी
नगर प्रमख

पुतलीबजार नगर
नगर कार्यपालिकाको
स्याङजा
२०७३

# अनुसूची- १

## सार्वजनिक भवन/जग्गाहरुको विवरण

## पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय

## स्याङजा

पुतलीबजार नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक भवन/जग्गाहरुको विवरण निम्न रहेको छ ।

| क.सं. | भवनको विवरण |
|---|---|
| १. | सपिङ कम्प्लेक्स |
| २. | कभर्ड हल |
| ३. | कुमाल गाउँमा रहेको अस्पताल चोक भवन |
| ४. | वाडखोला स्थित (पुरानो ३ नं. वडा कार्यालय रहेको भवन) |
| ५. | सिटी हल बेसमेन्टका सटरहरु |
| ६. | मालपोत लाइनका सटरहरु |
| ७. | टयक्सी चोकको खाली जग्गा |
| ८. | कामी डाँडाको खाली जग्गा |
| ९. | सिटी हलको खाली जग्गा |
| १०. | ट्राफिक चोकको जग्गा लगायत अन्य खाली जग्गाहरु |
| ११. | पुतलीबजार नगरपालिका कार्यालयमा रहेको चमेना गृह |
| १२. | पुतलीबजार नगरपालिकाको स्वामित्वमा रहेका अन्य भवन तथा जग्गाहरु |

तुलसी राम रेग्मी
नगर प्रमुख